# कनेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## एप्लिकेसन सर्भर लगायतका सामानहरु खरिद गर्ने बारेको
## सिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७२/१०/०९)

बोलपत्र नं :- "GSD/goAML/ST/01/72/73

यस बैंकको सूचना प्रविधि विभागको लागि आर्थिक बर्ष २०७२/७३ मा आवश्यक एप्लिकेसन सर्भर लगायतका सामानहरु आपूर्ति गर्ने कार्य शिलबन्दी बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले सो सम्बन्धी कार्य गरेको अनुभवी इच्छुक फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही शिलवन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

१ शिलबन्दी बोलपत्र सम्बन्धी कागजात यो सूचना प्रथम पटक प्रकाशित भएको मितिदेखि ३० औं दिनको (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) ३:०० बजेसम्म यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, वालुवाटार र बैंकिङ्ग कार्यालय, थापाथलीबाट पछि फिर्ता नहुने गरी रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) तिरी खरिद गर्न सकिनेछ ।

२ बोलपत्र फाराम खरिद गर्न आँउदा सम्बन्धित फर्म तथा कम्पनीको आधिकारिक निवेदन पेश गर्नु पर्नेछ ।

३ बोलपत्रमा समावेश हुन चाहने फर्म/कम्पनीहरुले निम्नानुसारका सामानहरुको समूहमा बोलपत्र पेश गर्दा एक वा सोभन्दा बढी समूहका लागि पेश गर्न सकिनेछ । यसरी समूहका लागि बोलपत्र पेश गर्दा एउटा समूह अन्तरगतका सम्पूर्ण सामानहरुका लागि पेश गर्नु पर्नेछ ।

| सि.नं. | सामानको नाम | सामानको परिमाण | समुहको नाम | जमानत रकम रु. |
|---|---|---|---|---|
| 1 | Application Server | 2 | क | ३,१४,०००।- |
| 2 | Active Directory Server | 1 | | |
| 3 | Database Server | 2 | | |
| 4 | SAN | 1 | | |
| 5 | SAN Switch | 2 | | |
| 6 | Tape Library | 1 | | |
| 7 | Layer 2 Manageable Switch | 8 | ख | ३,४६,०००।- |
| 8 | Layer 3 Manageable Switch | 4 | | |
| 9 | Router Type 1 | 2 | | |
| 10 | Router Type 2 | 2 | | |
| 11 | Internal Firewall | 4 | | |
| 12 | External Firewall | 2 | | |
| 13 | Rack | 1 | | |
| 14 | 5 KVA Online UPS | 1 | ग | १३,०००।- |

४ प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिन (सो दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिन) को अपरान्ह १२:०० बजेभित्र यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालुवाटारमा बोलपत्र दाखिला भई सक्नु पर्नेछ ।

५ प्रथम पटक सुचना प्रकाशित भएको मितिदेखि ३१ औं दिन (सो दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिनको) दिउंसो २:३० बजे बोलपत्रदाता वा निजको अख्तियारी प्राप्त प्रतिनिधिको उपस्थितिमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको अख्तियारी प्राप्त प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

६ बोलपत्र फारामसाथ जमानत वापतको रकम यस बैंकको थापाथलीस्थित खाता नं ११०९९०१/०११-०००-५२४ मा जम्मा गरेको सक्कल भौचर वा यस बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाबाट यस बैंकको पक्षमा जारी भएको र बोलपत्र पेश गर्ने मितिले १२० दिन मान्य अवधि रहेको बैंक ग्यारेण्टी संलग्न गर्नु पर्नेछ ।

७ बोलपत्र सम्वन्धी अन्य शर्तहरु तथा गर्नु पर्ने कार्यहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम तथा सो बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (संशोधन समेत) मा उल्लेख भए बमोजिम हुनेछ । यस सम्वन्धमा थप जानकारी चाहिएमा सामान्य सेवा विभाग, बालुवाटार, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

८ यो सूचना बैंकको वेभसाइट www.nrb.org.np मा पनि हेर्न सकिनेछ ।

**सामान्य सेवा विभाग**

**वालुवाटार, काठमाडौं ।**